सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीले सुदूरपश्चिम प्रदेशमा सुरक्षित बसाइँसराइ सम्बन्धी प्रशिक्षण मोड्युल निर्माण तथा प्रशिक्षक प्रशिक्षण (ToT), क्षमता विकासका गतिविधि सञ्चालन गर्ने कार्यका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) हेल्भीटास नेपालका विच काठमाडौंमा २०८२ फाल्गुन १४ गते द्विपक्षिय सम्झौता भएको छ । द्विपक्षिय सम्झौताको मुख्य उदेश्य सुदूरपश्चिम प्रदेशमा सुरक्षित बसाइँसराइको वर्तमान अवस्था, ज्ञानको कमी र तालिमको वास्तविक आवश्यकता पत्ता लगाउन प्रारम्भिक अध्ययन, परियोजनालाई थप प्रभावकारी बनाउन सरकारी निकाय, स्थानीय तह र यस क्षेत्रमा कार्यरत विज्ञहरूसँग आवश्यक छलफल गरी सुझावहरू सङ्कलन गर्ने, मौजुदा SPRTA तालिम पाठ्यक्रमको समीक्षा र सुरक्षित बसाइँसराइका नयाँ आयामहरू समावेश गरि मोड्युल डिजाइन तथा विकास गरिनेछ, स्थानीय स्तरमा गुणस्तरीय प्रशिक्षण प्रदान गर्न सक्ने गरी छनोट गरिएका सहभागीहरूलाई दक्ष प्रशिक्षक बनाउन 'प्रशिक्षक प्रशिक्षण' (ToT) सञ्चालन गर्ने, तयार गरिएको नयाँ मोड्युललाई निश्चित क्षेत्रमा नमूनाको रूपमा प्रयोग गरी त्यसको प्रभावकारिता र सुधारका पक्षहरूका बारेमा सहभागीहरूबाट प्राप्त पृष्ठपोषणलाइ क्षमता विकासका गतिविधिहरुमा समावेश गर्ने, पाइलटिङबाट प्राप्त अनुभवका आधारमा पाठ्यक्रमलाई पुनः परिमार्जन गरी यसलाई सरकारी वा संस्थागत ढाँचामा स्थायी रूपमा समावेश गर्न सिफारिस लगायतका विभिन्न क्षमता विकासका कृयापकलापहरु समावेश गरिएका छन् । द्विपक्षिय सम्झौता कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बम तथा सामि परियोजनाका टीम लिडर श्री टंक अर्यालले हस्ताक्षर गर्नु भएको थियो । द्विपक्षिय सम्झौताको समायावधि २०८३ जेष्ठ मसान्त सम्म रहेको छ ।





